जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १५७ • २०८२ चैत्र १५ गते आईतवार • 29 Mar. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




# मधेश प्रदेशमा व्यापक सतर्कता

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १४ चैत्र



देशमा पछिल्लो समय विकसित राजनीतिक घटनाक्रमले सुरक्षा चुनौती बढ्ने देखिएपछि मधेश प्रदेशमा व्यापक सतर्कता अपनाइएको छ । प्रहरी प्रधान कार्यालयको निर्देशनपछि मधेश प्रदेशका सबै जिल्लामा उच्च सुरक्षा व्यवस्था कडाइका साथ लागू गरिएको छ । पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकको पक्राउसँगै सम्भावित विरोध प्रदर्शन, आन्दोलन तथा अन्य गतिविधिलाई ध्यानमा राख्दै प्रहरी मुख्यालयले मधेश प्रदेश प्रहरीलाई 'हाई अलर्ट'मा बस्न सर्कुलर जारी गरेको हो ।

उक्त निर्देशन शनिबार बिहानदेखि नै कार्यान्वयनमा आएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ । प्रदेश प्रहरी प्रमुख डिआइजी गोविन्द थपलियाका अनुसार गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयको समन्वयमा जारी निर्देशनअनुसार सम्पूर्ण सुरक्षा निकायलाई उच्च सतर्कतामा राखिएको छ । उनले भने, 'देशको वर्तमान परिस्थितिलाई मध्यनजर गर्दै सम्भावित सुरक्षा चुनौतीलाई नियन्त्रणमा राख्न सबै प्रहरी युनिटहरूलाई सक्रिय र सतर्क रहन निर्देशन दिइएको छ ।'

उनका अनुसार हाई अलर्ट लागू भएसँगै प्रदेशका ८ वटै जिल्लामा सुरक्षा निगरानी तीव्र बनाइएको छ । प्रत्येक जिल्लाका प्रहरी प्रमुखसँग समन्वय गरेर आवश्यक जनशक्ति परिचालन गरिएको छ भने संवेदनशील क्षेत्रहरूमा विशेष निगरानी बढाइएको छ । 'हामीले राजनीतिक गतिविधि, सम्भावित प्रदर्शन र अन्य गतिविधिहरूलाई सूक्ष्म रूपमा अनुगमन गरिरहेका छौं,' डिआइजी थपलियाले भने । प्रहरी स्रोतका अनुसार उच्च सतर्कताका कारण तत्कालका लागि सम्पूर्ण प्रहरी कर्मचारीहरूको बिदा पनि स्थगित गरिएको छ । यसले कुनै पनि आकस्मिक अवस्थालाई तत्काल सम्बोधन गर्न सहयोग पुग्ने विश्वास गरिएको छ । करिब सात महिना अघि भदौ महिनामा भएको 'जेनजी आन्दोलन' सम्बन्धी घटनाको छानबिन गर्न गठित जाँचबुझ आयोगको सिफारिसका आधारमा पूर्वप्रधानमन्त्री ओली र तत्कालीन गृहमन्त्री लेखकलाई पक्राउ गरिएको हो । यस घटनाले राजनीतिक वृत्तमा तरंग पैदा गरेको छ भने त्यसको प्रभाव मधेश प्रदेशमा पनि देखिन सक्ने सुरक्षा निकायको आकलन छ । प्रहरीले सम्भावित विरोध प्रदर्शन, जुलुस, बन्दलगायत गतिविधि हुन सक्ने भन्दै अग्रिम तयारी स्वरूप रणनीति बनाएको जनाएको छ । मधेस प्रदेशका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी जिल्लामा सुरक्षा व्यवस्था थप मजबुत पारिएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार प्रदेशभर १० हजारभन्दा बढी प्रहरी जनशक्ति परिचालन योग्य अवस्थामा राखिएको छ । आवश्यक परे थप जनशक्ति परिचालन गर्न सकिने व्यवस्था पनि मिलाइएको छ । सुरक्षा निकायले नागरिकलाई अफवाहमा नलाग्न, शान्ति-सुरक्षा कायम राख्न सहयोग गर्न र कुनै पनि शंकास्पद गतिविधि देखिएमा नजिकको प्रहरी कार्यालयमा जानकारी गराउन अनुरोध गरेको छ ।

# कुम्हरौडा गाउँमा पहिलोपटक रक्तदान कार्यक्रम

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १४ चैत्र

गर्मीको सुरुवातसँगै धनुषा जिल्लामा रगतको निकै अभाव हुन थालेपछि सहरी क्षेत्रमा मात्र सीमित नरही ग्रामीण क्षेत्रमा पनि रक्तदान कार्यक्रमलाई तीव्र पारिएको छ । लक्ष्मीनियाँ गाउँपालिका-७ कुम्हरौडा गाउँमा शनिबार रक्तदान कार्यक्रम गरिएको छ । वैदेशिक रोजगारमा रहेका युवाहरुले गठन गरेको कुम्हरौडा भगवतीपुर सेवा समाज, दोहा कतारको आयोजनामा युवाहरुले रक्तदान कार्यक्रम गरेका हुन् । कुम्हरौडाको छोटका स्कूल भनिने साबिकको प्राथमिक विद्यालय परिसरमा आयोजना गरिएको रक्तदान कार्यक्रममा विभिन्न उमेर समूहका व्यक्तिहरुले रक्तदान गरेका छन् । लक्ष्मण यादवको संयोजन तथा नेपाल रेडक्रस सोसाइटी, धनुषाको सहयोगमा आयोजना गरिएको रक्तदान कार्यक्रममा लक्ष्मीनियाँ गापा-७ का संजयकुमार झा, पुरुषोत्तम यादव, संजय कुमार यादव, रामचन्द्र मण्डल, बिजय कुमार राउत, राधे राउत, सोभितकुमार राउत, धिरेन्द्र कुमार साह, लक्ष्मीनारायण यादव (विनय), मदन यादव, ह्दयकान्त झा, प्रमोद साह, नारायण ठाकुर, हरिशंकर यादव, जयकुमार चौधरी, नवोनारायण झा, जयप्रकाश झा, जनकपुरका विरेन्द्र यादव, राजेन्द्र यादव, शैलेन्द्र यादव,




सत्रुधन यादव, सुनिल कुमार मण्डल, लक्ष्मीनियाँ गापा-२ का राकेश यादव लगायतले रक्तदान गरेका छन् । वडा नम्बर ७ कुम्हरौडाका ज्येष्ठ नागरिकहरु झखु यादव, रामफल यादव र केवल यादवले रक्तदातालाई गमछा ओढाएर कार्यक्रमको उद्घाटन गरेका थिए ।

कुम्हरौडा भगवतीपुर सेवा समितिले यसअघि निःशुल्क ट्युशन सेन्टर संचालन गरेर चर्चामा आएको थियो । २०२४ सालमा स्थापित समाजले सामाजिक विकासमा सहयोग गर्दै आएको छ । गैर सरकारी स्तरमा पहिलो पटक कुम्हरौडा गाउँमा रक्तदान कार्यक्रमको आयोजना गरिएको हो । रक्तदान कार्यक्रममा रगत दिनेहरुको ठुलो उत्साह देखिएको जनाउँदै गाउँमा सचेतना दिन सकिए अझै धेरै रगत सङ्कलन हुन सक्ने देखिएको झखु यादवले बताए । कुम्हरौडाका रक्तदान कार्यक्रमबाट आफुहरु निकै उत्साहित भएको जनाउँदै यसलाई निरन्तरता दिनुपर्ने स्थानीय युवा नारायण ठाकुरले बताए । ग्रामीण क्षेत्रमा पनि रक्तदान कार्यक्रम गरेर रगत सङ्कलनमा सहयोग गरिरहेको भन्दै नेपाल रेडक्रस सोसाइटी, धनुषाका सभापति रामनरेश प्रसाद सिंहले धन्यवाद व्यक्त गरे । हामीले ब्यापक रूपमा सुन्ने गरेका छौं, 'रक्तदान जीवनदान' । रक्तदान गर्नु पुण्यको काम हो । किनभने हामीले दिएको रगतबाट कसैले नयाँ जीवन पाउँछ । रक्तदान गर्नाले अन्य व्यक्तिको जीवनमात्र बच्दैन, रक्तदान गर्ने व्यक्तिको शरीर समेत स्वस्थ रहन्छ । गाउँ बस्तीमा रक्तदान गर्ने जागरुकता अभिवृद्धिका लागि रक्तदान कार्यक्रमलाई निरन्तरता दिने स्थानीय युवाहरुले बताएका छन् । रक्तदान कार्यक्रममा स्थानीय युवाहरु स्वतन्त्र यादव, रमेश चौधरी, रमन यादव, उपेन्द्र राउत, अमित सदा, जेनजी युवाहरु धिरेन्द्र कुमार यादव, राजन पटेल, सुधिर यादव लगायतको सक्रिय सहभागिता रहेको थियो ।






समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रखरआवाज
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय

# लोकतन्त्रको व्यावहारिक उद्घोष

बालेनको उदय, वैकल्पिक शक्तिको विस्तार र समावेशिताको नयाँ बहस: यी सबैले 'युग परिवर्तनको सम्भावना' सिर्जना गरेको छ । तर युग परिवर्तन आफैंमा घटना होइन, दीर्घकालीन प्रक्रिया हो जहाँ संरचना बदलिन्छ, संस्कार रूपान्तरण हुन्छन र परिणामले विश्वासलाई संस्थागत बनाउँछन ।

अन्ततः प्रश्न एउटै रहन्छः के यो ऊर्जा प्रणालीमा रूपान्तरण हुन्छन, वा इतिहासको अर्को असफल प्रयोग बन्छन ? आज कोरिएको बाटोले भोलिको सुन्दर इतिहास लेख्छन । यदि यो क्षणलाई दूरदृष्टि, साहस र संस्थागत प्रतिबद्धतासँग जोड्न सकियो भने, नेपाल साँच्चिकै नयाँ युगान्तकारी परिवर्तनको साक्षी हुने देखिन्छ । अन्यथा यो केवल आशाको अन्तहीन चक्र मात्र बन्ने देखिन्छ। समाज परिवर्तनको कोशेढुंगा तिथिमितिमा २०८२ भदौ २३/२४ को 'जेन–जी' आन्दोलन र भदौ २६ मा निर्मित पहिलो महिला प्रधानमन्त्री सुशीला कार्कीको प्रधानमन्त्रीत्व, फागुन २१ को चुनाव र परिणाम, अनि चैत १३ गते बालेन्द्र शाहको प्रधानमन्त्रीको पदबहाली। मधेसी मूलको व्यक्ति प्रधानमन्त्री बन्नु एउटा संवैधानिक वा संसदीय प्रक्रियाको सामान्य विधि विधानमात्र होइन; यो दीर्घकालीन बहिष्करणको विरुद्ध इतिहासले दिएको सटिक उत्तर रहेको छ ।

मधेस, जसलाई लामो समयसम्म राज्यको केन्द्रबाट राजनीतिक, प्रशासनिक र सांस्कृतिक रूपमा परिधिमा धकेलिँदै आएको थियो, त्यही भूगोल र पहिचानबाट देशको सर्वोच्च कार्यकारी नेतृत्व उदाउनु आफैंमा ऐतिहासिक अन्यायको संशोधन, प्रतिनिधित्वको पुनर्सन्तुलन र समावेशी लोकतन्त्रको व्यावहारिक उद्घोष रहेको देखिन्छ ।

# बर्दिवासका उद्योगी तथा व्यापारीहरू आसन्न निर्वाचनलाई लक्षित गर्दै चुनावी मैदानमा

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १४ चैत्र**

बर्दिवासका उद्योगी तथा व्यापारीहरू आसन्न निर्वाचनलाई लक्षित गर्दै चुनावी मैदानमा होमिएका छन् । आगामी २४ गते निर्धारित निर्वाचनका लागि दुई छुट्टाछुट्टै प्यानल निर्माण गरी उनीहरू प्रतिस्पर्धामा उत्रिएका हुन् ।



एक प्यानलको नेतृत्व निवर्तमान महासचिव उत्तमकुमार श्रेष्ठले गरेका छन् भने अर्को प्यानल शुभस्वस्तिक अस्पतालका सञ्चालक दिपक कार्कीको नेतृत्वमा रहेको छ। कार्की यसअघि दुई कार्यकाल सदस्य पदमा निर्वाचित भइसकेका छन् । श्रेष्ठ नेतृत्वको प्यानलमा वरिष्ठ उपाध्यक्षमा नारायण घिमिरे, महासचिवमा शैलेश दाहाल, द्वितीय उपाध्यक्षमा उमेश महतो, सचिवमा यादवप्रसाद पोखरेल र कोषाध्यक्षमा सुरज खड्का रहेका छन् । अघिल्लो कार्यकालमा शैलेश दाहाल सचिव र सुरज खड्का कोषाध्यक्ष पदमा कार्यरत थिए । यसैगरी महिला सह–कोषाध्यक्षमा विष्णु लामा रहेकि छन । महिला सदस्यतर्फ अम्बिका देवी, भगवती कुमारी साह, बिन्दा कुमारी थापा र बिमला पौडेल उम्मेदवार छन् भने पुरुष सदस्यतर्फ मोहम्मद अनायत रसुल, निजन निरौला, रमेश विश्वकर्मा, खोमराज बुढाथोकी र कृष्ण श्रेष्ठ रहेका छन्। निर्वाचन अधिकृत विष्णु कार्कीका अनुसार सबै पदमा प्रतिस्पर्धा हुने भएको छ ।

त्यसैगरी कार्की नेतृत्वको प्यानलमा वरिष्ठ उपाध्यक्षमा रञ्जितराज ढुंगाना, द्वितीय उपाध्यक्षमा रामनाथ साह, महासचिवमा केदार गौतम, कोषाध्यक्षमा सुरेन्द्र बम्जन, सचिवमा रिमनाथ अधिकारी तथा महिला सह–कोषाध्यक्षमा संगम कुमारी गोले रहेका छन् । ढुंगाना अघिल्लो कार्यकालमा सदस्यमा निर्वाचित भएका थिए । यस प्यानलअन्तर्गत महिला सदस्यमा संगिता यादव, सुनिता कुमारी साह, रेणु कुमारी पाँचे र तृषा श्रेष्ठ रहेका छन् भने पुरुष सदस्यमा रामएकवाल महतो, नसिफ नदाफ, वीरबहादुर पौडेल, जुकबहादुर समाल र प्रज्वल बस्नेत उम्मेदवार छन् ।


## डेंगु ज्वरोको संक्रमणबाट बच्ने उपायहरू



डेंगुबाट बच्नका लागि मुख्यतया लामखुट्टेको टोकाईबाट बच्नुपर्दछ ।
यसका लागि लामखुट्टेको नियन्त्रण नै उत्तम उपाय हो ।
लामखुट्टे नियन्त्रण गर्न निम्न उपायहरू अपनाऔं

## डेंगी रोग बाट कसरी बच्ने ?

- ☑ पुरा बाहुला भएको लुगा लगाउने
- ☑ भुल भित्र मात्र सुत्ने
- ☑ घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- ☑ घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- ☑ खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- ☑ घर वरिपरी पानी जम्ने ठाउँ जस्तै पोखरी, पानीको नाली,ढलमा हप्ताको २ दिन डढेको मोबिल वा मट्टितेल छर्कने गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- ☑ पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- ☑ साझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा, बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

अनुरोधकर्ता
सम्सी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


# वर्षाले गहुँबालीमा क्षति



**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, १४ चैत्र**

शुक्रबार राति भएको वर्षाका कारण सप्तरीमा गहुँबालीमा क्षति पुगेको छ। किसानले गहुँबाली भित्र्याउने मुख्य समयमा हावाहुरी र वर्षा भएपछि बालीमा नोक्सानी पुगेको हो । एक साताको अवधिमा दुई पटकसम्म भएको हावाहुरी र वर्षाले बाली भित्र्याउने तयारीमा रहेका किसान चिन्तित बनेका छन् ।

सप्तरीमा धानपछि सबैभन्दा बढी उत्पादन हुने दोस्रो बाली गहुँ हो । भित्र्याउने बेलामा पानी परेकाले गहुँबाली खेतमै नोक्सान भएको विष्णुपुर गाउँपालिका-१ का किसान इन्द्रदेव ठाकुरले बताउनुभयो । उहाँका अनुसार कात्तिकमा भएको वर्षाका कारण ढिलो गरी बिउ छरिएकाले यस पटक चैत अन्त्यतिर मात्र बाली भित्र्याउने समय भएको थियो । "अहिलेको वर्षाले बालीमा क्षति पुऱ्यायो, अब सोचे जस्तो उब्जनी हुँदैन । लागत खर्च मात्र उठ्यो भने पनि ठुलो कुरा हो," उहाँले भन्नुभयो। चैत र वैशाख हावाहुरी, असिना र वर्षा हुने समय भएकाले थप क्षति हुने चिन्ताले रूपनी गाउँपालिका-४ का किसान धनिचन्द मण्डललाई सताएको छ ।

## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: मित्रतामा फाटो आउने
मिथुन: अनावश्यक खर्चको संभावना
कर्कट: मनमा पछुतो आउने
सिंह: पढाईमा ध्यान दिनुपर्ने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: पिछडेको साथी मिल्ने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: शुभ कार्यको शुरुवात
मकर: अनावश्यक चिन्ता
कूम्भ: लामो यात्राको योग छ
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इरान युद्धमा हुथी विद्रोहीहरू पनि सामेल, इरानले शनिबार बिहानै पाँच देशमा गर्‍यो आक्रमण

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ चैत्र**



शनिबार अमेरिका-इजरायल र इरानबीचको युद्धको २९ दिन हो। युद्धको २८ दिनपछि हुथी विद्रोहीहरू युद्धमा सामेल भएका छन् । टाइम्स अफ इजरायलको एक रिपोर्ट अनुसार यमनमा इरान समर्थित हुथी विद्रोहीहरूले दक्षिणी इजरायली सहर बेरशेबा र वरपरका क्षेत्रहरूलाई लक्षित गर्दै ब्यालिस्टिक मिसाइल प्रहार गरेका छन् । जुन लगभग २००० किलोमिटर टाढा छ ।

इजरायली सेनाका अनुसार मिसाइल प्रक्षेपण पत्ता लागेपछि हवाई रक्षा प्रणालीहरू सक्रिय पारिएको थियो र खतरा हावामै नष्ट गरिएको थियो । आक्रमणमा कुनै पनि घाइते भएको रिपोर्ट गरिएको छैन । यो हालको युद्धको क्रममा यमनबाट इजरायलमाथि गरिएको पहिलो आक्रमण मानिन्छ । रिपोर्टका अनुसार यमनका हुथी विद्रोहीहरूले इजरायलमाथि गरिएको क्षेप्यास्त्र आक्रमणको जिम्मेवारी लिएका छन् । हुथी समूहले आफ्नो उद्देश्य प्राप्त नभएसम्म आफ्नो अभियान जारी रहने बताएको छ ।

यता इरानले शनिबार पाँच देशहरूमा आक्रमण गरेको छ । मध्य पूर्वमा युद्ध एक महिनादेखि चलिरहेको छ, तर खाडी देशहरूमा आक्रमणहरू अझै पनि जारी छन् । शनिबार बिहानसम्म विभिन्न देशहरूबाट आक्रमण र अवरोधका रिपोर्टहरू आएका छन् । यूएईः अबुधाबी र दुबईको बीचमा अवस्थित खलिफा आर्थिक क्षेत्र नजिकै अवरोध गरिएको ब्यालिस्टिक मिसाइलको भग्नावशेष खस्यो, जसले गर्दा तीन स्थानमा आगो लाग्यो ।

# २०४८ सालयताका सबै सार्वजनिक पदधारीको सम्पत्ति छानबिन हुने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ चैत्र**



प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) नेतृत्वको नवगठित सरकारले २०४८ सालदेखि हालसम्म सार्वजनिक पद धारण गरेका र ाजनीतिक नेतृत्व र उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति छानबिन गर्ने कठोर निर्णय गरेको छ। देशमा व्याप्त भ्रष्टाचार, सम्पत्ति लुकाउने प्रवृत्ति र दण्डहीनता अन्त्य गर्ने उद्देश्यसहित सरकारले यो कदम चालेको हो।

शुक्रबार बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको ४३ नम्बर बुँदामा यसका लागि १५ दिनभित्र एउटा अधिकारसम्पन्न 'सम्पत्ति छानबिन समिति' गठन गर्ने उल्लेख छ ।

दुई चरणमा हुनेछ छानबिनः-
पहिलो चरणः आर्थिक वर्ष २०६२/६३ देखि २०८२/८३ सम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति विवरण सङ्कलन, प्रमाणीकरण र विस्तृत छानबिन गरिनेछ।
दोस्रो चरणः २०४८ सालदेखि २०६१/६२ सम्मको अवधिमा सार्वजनिक पदमा रहेकाहरूको सम्पत्ति छानबिन अघि बढाइनेछ।
समितिको संरचना र अधिकार
यो छानबिन समिति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहनेछ। समितिमा कानुन, अर्थ, राजस्व र अनुसन्धान क्षेत्रका विज्ञहरूका साथै सम्बन्धित निकायका प्रतिनिधिहरू समावेश हुनेछन्।

# चौधरी ग्रुपले नेपाल ल्याउँदै विश्व प्रसिद्ध होटल ब्राण्ड 'द रिट्ज-कार्लटन'

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ चैत्र**



नेपालको अग्रणी व्यवसायिक घराना चौधरी ग्रुपले विश्वप्रसिद्ध होटल समूह म्यारियट इन्टरनेसनलसँगको साझेदारीमा प्रतिष्ठित लक्जरी ब्रान्ड 'द रिट्ज-कार्लटन' नेपाल ल्याउने घोषणा गरेको छ। यो नेपालको आतिथ्य क्षेत्रमा गरिएको सबैभन्दा ठूलो लगानीमध्ये एक हो ।

सन् १९८३ मा स्थापित रिट्ज-कार्लटन ब्रान्डले हाल ३० देशमा १०८ भन्दा बढी होटल तथा रिसोर्ट सञ्चालन गर्दै आएको छ। चौधरी ग्रुप अन्तर्गतको सीजी हस्पिटालिटी ग्लोबलले यस ऐतिहासिक लगानीमा रविन्द्र श्रेष्ठ (आई जे ग्रुप), सौरव शर्मा (शर्मा एन्ड कम्पनी), अमृत शाक्य र सञ्चित श्रेष्ठसँग साझेदारी गरेको छ । रिट्ज-कार्लटन काठमाडौंको भूमिपुजन कार्यक्रम शुक्रबार चैत १३ मा राजधानीको पर्यटकीय केन्द्र ठमेलमा सम्पन्न भएको छ ।

यस परियोजनामा १५० रुम क्षमता सहितको अल्ट्रा लक्जरी होटल, ब्रान्डेड रेसिडेन्स, व्यवसायिक कम्प्लेक्स र क्यासिनोसमेत रहनेछ। दरबारमार्ग नजिक ठमेलमा नौ रोपनी जग्गामा विकास भइरहेको यो परियोजनाको अनुमानित लागत करिब १०० मिलियन अमेरिकी डलर रहेको छ ।

परियोजना सन् २०२९ को मध्यसम्म पूरा गर्ने लक्ष्य राखिएको छ । सम्पन्न भएपछि होटलको एक रातको रुम रेट १,००० अमेरिकी डलरभन्दा बढी रहने अपेक्षा गरिएको छ ।

# शिवपुरी ट्रेल रेसमा मिलन र सुनसरी विजयी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ चैत्र**




मिलन राई र सुनसरी रोकाया बूढानीलकण्ठ/शिवपुरी खुला ट्रेल रेसमा विजेता भएका छन् । शनिबार भएको १५ किलोमिटर दूरीको दौडमा मिलन पुरुष र सुनसरी महिलातर्फ च्याम्पियन भए ।

आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले बूढानीलकण्ठ नगरपालिका वडा ३ द्वारा आयोजित दौडमा मिलनले निर्धारित दूरी १ घण्टा ३५ मिनेट ४६ सेकेन्डमा पूरा गरे । प्रताप थाम्सुहाङ (१ घण्टा ३६ मिनेट ०४ सेकेन्ड) दोस्रो र करण रावल (१ घण्टा ३६ मिनेट ४६ सेकेन्ड) तेस्रो भए । लोकेन्द्र राई चौथो र विशाल राई पाँचौं स्थानमा रहे । सुनसरीले निर्धारित दूरी तय गर्न १ घण्टा ५८ मिनेट ०४ सेकेन्ड समय खर्चिन् । राज्यलक्ष्मी रावल (२ घण्टा ०२ मिनेट ०७ सेकेन्ड) दोस्रो र गीता नेपाली (२ घण्टा १० मिनेट २२ सेकेन्ड) तेस्रो भए । आश्मा विकले चौथो र मञ्जु सुनुवारले पाँचौं स्थानमा दौड टुंग्याए । दुवै समूहमा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः ४० हजार, २५ हजार र १५ हजार पुरस्कार प्राप्त गरे । दुवै समूहमा चौथो र पाँचौं स्थानमा रहने खेलाडीले ५-५ हजार पुरस्कार प्रदान गरिएको थियो । विजेतालाई आयोजक वडा ३ का अध्यक्ष आकाश धिताल, ओलम्पियन धाविका सन्तोषी श्रेष्ठलगायतले पुरस्कृत गरे ।






# सरकार प्रवक्तासँग वार्ता– ‘कोहीप्रति प्रतिशोध साधेका हैनौँ’

बालेन शाह नेतृत्वको सरकारले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेको छ।

सरकारका प्रवक्ता सस्मित पोखरेलले भने कुनै प्रतिशोध नभएको बताए। सरकारले कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्दै सुरक्षा निकायमा थप अनुसन्धानका लागि अध्ययन समिति बनाउने निर्णय गरेको छ।बालेन शाह नेतृत्वको सरकारले शपथ खाएको २४ घण्टा पनि नबित्दै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री र मेश लेखकलाई पक्राउ गरेपछि तनाव उत्पन्न भएको छ। एमालेले शनिबार बाटै देशव्यापी आन्दोलन थालेको छ भने सामाजिक सञ्जाल पनि यस विषयलाई लिएर पक्ष-विपक्षमा बाँडिएको छ ।कतिपयले यसरी हतार गरेर पूर्वप्रधानमन्त्री र पूर्वगृहमन्त्री पक्राउ गर्ने घटनालाई प्रतिशोध साधिएको पनि भनेका छन्। के यो सरकारले तत्कालीन नेतृत्वप्रति पूर्वाग्रह राखेर प्रतिशोध साधेको हो ? वा कुन उद्देश्यले यो पक्राउको प्रक्रिय अघि बढ्यो ? यिनै विषयमा सरकार का प्रवक्ता एवं शिक्षा, युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेलसँग अनलाइनखबरकर्मी कौशल काफ्लेले गरेको कुराकानी :

सरकारले शपथ लिएको मात्र २४ घण्टाभित्र नै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्नुको खास कारण के हो ?

हाम्रो पार्टीले मतदाताबाट जुन किसिमको उचाइ र ढंगले म्यान्डेट प्राप्त गरेको छ, हामी त्यसैअनुसार अघि बढिरहेका छौं। उहाँहरूले हाम्रो वाचापत्र पढेर नै हामीलाई म्यान्डेट दिनुभएको हो ।हामीले कुनै व्यक्ति विशेषलाई पक्राउ गर्ने भनेर होइन, हाम्रो बाचापत्रलाई कार्यान्वयनमा लैजाने क्रममा यो कदम चालिएको हो ।हाम्रो वाचापत्रको दोस्रो बुँदामा नै कार्की आयोगले बनाएको प्रतिवेदनलाई कार्यान्वयन गर्ने भन्ने स्पष्ट उल्लेख छ । हामीले एउटा मात्र होइन, धेरै वाचाहरूलाई समानान्तर रूपमा अगाडि बढाइसकेका छौं ।

तर, यो आयोगको प्रतिवेदन कार्यान्वयन हाम्रो लागि प्राथमिकतामा दोस्रो बुँदामै भएकाले यो पनि प्राथमिकतामा परुरेको हो ।

हिजो मन्त्रिपरिषद्को बैठकले यो आयोगको प्रतिवेदनलाई कार्यान्वयन गर्ने निर्णय गरेको थियो । सुरक्षा निकायका लागि भने अझ थप अनुसन्धान गर्नुपर्ने भएकोले अलिकति क्रिटिकल देखिएकाले अर्को समिति बनाएर थप अनुसन्धान गर्ने र त्यो बाहेक अन्यका लागि तुरुन्त कार्यान्वयन गर्ने भन्ने निर्णय भएको छ ।हामीले राज्यका जति पनि निकाय छन्, तिनलाई पूर्ण अधिकार दिएका छौं । हामीले कुनै पनि राजनीतिक हस्तक्षेप गर्ने छैनौं भनेर बारम्बार भनेका छौं। कुनै प्रतिशोध पनि हुँदैन ।निष्पक्ष रूपमा, निष्पक्ष ढंगले विभिन्न निकायले काम गर्छन्। यो २४ घण्टामा कसैलाई अरेस्ट गर्ने भनेर होइन, हामीले हाम्रो वाचापत्रमा गरेको प्रतिबद्धता कार्यान्वयन गर्ने क्रममा अघि बढेका हौं ।तर, सरकार को हतारो देखेर विपक्षी र केही मानिसहरूले यो पक्राउलाई र ाजनीतिक प्रतिशोध वा हतारको काम भनेर टिप्पणी गरिरहेका छन् नि ?

यसलाई हतारोको रूपमा हेर्न मिल्दैन ।हामीले एउटा मात्र काम हतार मा गरेको भए त्यसरी हेर्न सकिन्थ्यो। तर, हामीले त सय वटा वाचालाई नै हतार-हतार कार्यान्वयन गर्ने योजना बनाएका छौं। हामी अरू वाचाहरूलाई पनि त्यत्तिकै गम्भीरताका साथ अगाडि बढाइरहेका छौं। कार्की आयोगले २४ गतेको घटनाका सम्बन्धमा ठोस किटान नगरेकोले प्रतिवेदन नै पूर्वाग्रही भएको भन्ने पनि छ नी ?त्यो त हामीले प्रतिवेदन कार्यान्वयन गर्नको लागि विभिन्न निकायलाई निर्देशन दिएको हो । विभिन्न निकायको पनि आ-आफ्नो काम भइहाल्छ । केही गरी त्यो हिसाबको कुनै कानुनी प्रक्रिया नमिलेको देखियो अथवा थप अनुसन्धान गर्नु पर्‍यो भने प्रहरीले पनि आफ्नो किसिमको अनुसन्धान गर्ला। फेरि यो विषय पछि अदालतमा पनि जान्छ। अदालतले पनि आफ्नो आदेश देला, आफ्नो फैसला देला। त्यो दिने बेलामा राज्यका अरू निकायहरू पनि छन्। त्यो किसिमले भएको रहेछ भने विभिन्न निकायले आफ्नो ढंगमा काम गरिहाल्छन्। सुरक्षा संगठनको हकमा पछि अनुसन्धान गर्ने तर अन्यको हकमा तत्काल कार्बाही गर्ने निर्णय किन गरियो ?

सुरक्षा संगठन अलिकति संवेदनशील निकाय पनि हो। यसको लागि अझ थप अनुसन्धान चाहिने भन्ने हाम्रो बुझाइ रह्यो। यो प्रतिवेदनले पनि सुरक्षा निकायलाई थप यसरी कार बाही गर्नुपर्छ भन्ने किसिमले स्पष्ट भनेको छैन। हामीले जुन अर्को समिति बनाउने भनेका छौं, त्यो पनि प्रतिवेदनमै भएको कुरा हो।

कुनै घटनामा गोली चल्यो। राज्यका कार्यालय भनव सुरक्षामा रहेका सुर क्षाकर्मीले गोली चलाए र व्यक्तिको ज्यान गयो भने त्यसको जिम्मेवार प्रधानमन्त्री र गृहमन्त्रीलाई बनाउने हो भने भविष्यमा कस्तो नजिर बस्ला ?

कसैको गल्ती नभई कसैले आफ्नो कानुनी रूपमा लिनुपर्ने जिम्मेवारी नै छैन भने त्यो गर्नु हुँदैन। मैले अघि भनेको जसरी नै प्रतिवेदन आएको छ ।प्रतिवेदनले छानबिन गरेको छ र त्यो प्रतिवेदन पनि कानुनसम्मत रूपमा समितिले बुझाएको हो । त्यस हिसाबले हामीले प्रतिवेदनलाई कार्यान्वयन गर्नका लागि विभिन्न निकायहरूलाई निर्देशन दिएको हो। त्यसपछि सबै निकायले आफ्नो ढंगले काम गर्छन् भन्ने हाम्रो बुझाइ हो। त्यसले गर्दा कसैले अपराधको भार लिनुपर्ने देखिएको छैन वा कानुनी आधार छैन भन्ने त विभिन्न निकायले आफ्नो निर्णय गर्लान्, अदालतले आफ्नो फैसला देलान्। त्यसैले हामी त कानुनी प्रक्रिया मान्छौं, कानुनी पद्धति मान्छौं । हामीले सबै निकायहरूलाई पूर्ण रूपमा निष्पक्ष र ाखेका छौं र आफ्नै किसिमले काम गर्न दिन्छौं।

सरकारले अब अरूलाई पनि पक्राउ गर्छ ?

प्रतिवेदन पूर्णरूपमा कार्यान्वयन हुन्छ । मन्त्रिपरिषद्को निर्णय बमोजिम अन्य सबैजनालाई हामी एउटै कानुनमा, एउटै रूपमा र एउटै ढंगमा राखेर हेर्छौं । कसैको माथि बढी हस्तक्षेप भन्ने वा कसैमा कम भन्ने हुँदैन । हामीले राज्यका सबै निकायहरूलाई पूर्ण स्वतन्त्रता दिएका छौं र कुनै राजनीतिक हस्तक्षेप गर्दैनौं । सबै निष्पक्ष ढंगमा काम गर्छन्।

**सांभार : अनलाइनखबर**













प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday